नेपाल राष्ट्र बैंक
बिदेशी बिनिमय व्यबस्थापन बिभाग

मिति २०५९ फाल्गुण ८ गते

## विषय: बिदेशी विनिमयमा ऋण लिने । दिने सम्बन्धी व्यबस्था ।

बिदेशी विनिमय ( नियमित गर्ने ) ऐन,२०१९ (संशोधन सहित) को दफा १० ख को प्रयोजनको लागि बिदेशी विनिमयमा ऋण लिने । दिने सम्बन्धमा निम्न बमोजिमको नीतिगत व्यबस्था गरिएको छ ।

## *नेपालभित्रबाट नै परिवर्त्य बिदेशी विनिमयमा लिने । दिने ऋण सम्बन्धी व्यबस्था*

वाणिज्य बैंककहरुले नेपाली निकायहरुलाई परिवर्त्य विदेशी मुद्रामा दिने ऋण सम्बन्धी व्यबस्थाको हकमा निम्नानुसारको व्यबस्था गरिएको छ।

### १ *निर्यात क्षेत्रमा लागेका औद्योगिक उत्पादनकर्ता फर्म⁄कम्पनीहरुको हकमा*

निर्यात क्षेत्रमा लागेका औद्योगिक उत्पादनकर्ता फर्म⁄कम्पनीहरुलाई कच्चा पदार्थ आयात गर्न निम्न शर्तहरुको अधीनमा रही वाणिज्य बैंकहरुले परिवर्त्य विदेशी मुद्रामा अल्पकालीन ऋण प्रदान गर्न सकिनेछ :

शर्तहरु :

(क) यस्तो ऋण प्रदान गर्दा सम्बन्धित निर्यात उद्योगलाई आवश्यक हुने कच्चा पदार्थको आयातका लागि खोलिएको प्रतीत-पत्रको आधारमा मात्र प्रदान गर्नुपर्ने,
(ख) यस्तो ऋण प्रदान गर्दा निर्यात भई भुक्तानी आउन वांकी रहेको निर्यात प्रतीत-पत्रले खाम्ने रकमसम्म मात्र प्रदान गर्नुपर्ने,
(ग) यसरी प्राप्त ऋणको सांवा, व्याज भुक्तानी सम्बन्धित उद्योगले आफ्नो निर्यात आर्जनबाट परिवर्त्य विदेशी मुद्रामानै गर्नुपर्ने, र
(घ) यस्तो ऋणमा लाग्ने व्याज दर सम्बन्धित वाणिज्य बैंक आफैले तोक्न सक्ने ।

### २. *विद्युत शक्ति उत्पादन गरी विक्री वितरण गर्ने निजी क्षेत्रका उद्योगको हकमा*

. १०० कि.वा. देखि १००० कि.वा. सम्म विद्युत शक्ति उत्पादन गरी विक्री वितरण गर्ने निजी क्षेत्रका उद्योग तथा आफ्नै प्रयोजनका लागि विद्युत उत्पादन गरी खपत गर्ने उद्योगहरुलाई निम्न शर्तहरुको अधीनमा रही वाणिज्य बैंकहरुले परिवर्त्य विदेशी मुद्रामा अल्प वा मध्यमकालीन ऋण प्रदान गर्न सकिनेछ :

शर्तहरु :

(क) सानो स्केलमा विद्युत उत्पादन गरी विक्री वितरण गर्न वा कुनै उद्योगले आफ्नै प्रयोजनका लागि विद्युत उत्पादन गर्नका निमित्त परिवर्त्य विदेशी मुद्रामा लगानी गर्नुपर्ने भएमा मात्र यस्तो ऋण प्रदान गर्न सकिने,

(ख) यसरी प्रदान गरिने ऋण विद्युत उत्पादन सम्बन्धी उपकरणहरुको आयात भुक्तानी गर्ने प्रयोजनका लागि मात्र उपयोग गर्नुपर्ने,

(ग) यस्तो ऋण सुविधा उपलब्ध गराउंदा विद्युत उत्पादनका उपकरणहरु आयात गर्न खोलिएका प्रतीत-पत्रको आधारमा मात्र गर्नुपर्ने,

(घ) यस्तो ऋणमा लाग्ने व्याज दर सम्बन्धित वाणिज्य बैंकले आफै तोक्न सक्ने, र

(ङ) आफ्नो उद्योगको आवश्यकता वाहेक विद्युत उत्पादन गरी विक्री वितरण गर्ने साना स्केलका उद्योगहरुको हकमा भने यस प्रकारको ऋण सुविधा प्रदान गर्दा यस बैंकको पूर्व स्वीकृति लिनुपर्नेछ ।

## ३. *पर्यटन र निर्यात उद्योगहरुको हकमा*

परिवर्त्य विदेशी मुद्रा आर्जन गर्ने पर्यटन र निर्यात उद्योगहरुलाई देहायका प्रयोजनका लागि देहायका शर्तहरुको अधिनमा रही वाणिज्य बैंकले परिवर्त्य विदेशी मुद्रामा ऋण प्रदान गर्न सकिनेछ ।

शर्तहरु :

(क) यो सुविधा सम्बन्धित पर्यटन र निर्यात उद्योगहरुको लागि आवश्यक हुने आयातको भुक्तानीको लागि मात्र प्रयोग गर्न पाइने ।

(ख) यस्तो ऋण रकमको सांवा/व्याज सम्बन्धित उद्योगले आफूसंग रहेको परिवर्त्य विदेशी मुद्रा मध्येबाट भुक्तानी गर्नुपर्ने ।

(ग) यस प्रयोजनको लागि वाणिज्य बैंकहरुले विदेशी बैंकबाट कुनै किसिमको ऋण सुविधा लिन पाउने छैन । तर यस प्रयोजनका लागि वाणिज्य बैंकहरुलाई विदेशी मुद्रा आवश्यक परेको खण्डमा यस बैंकले प्रचलित विनिमय दरमा आवश्यक विदेशी मुद्रा विक्री गर्नेछ ।

## ४. *गलैंचा उद्योगले खपत गर्ने उन आयात गने प्रयोजनको हकमा ।*

गलैंचा उद्योगले खपत गर्ने उन मात्र आयात गर्ने उद्देश्यले खोलिएका कम्पनीहरुले “गलैंचा तथा ऊन विकास परिषद्” को सिफारीसमा प्रतीत-पत्रमार्फत कच्चा उन आयात गर्दा वाणिज्य बैंकहरुले देहायमा उल्लेखित शर्तहरुको अधीनमा रही परिवर्त्य विदेशी मुद्रामा ऋण प्रदान गर्न सक्नेछ ।

शर्तहरु

(क) यो सुविधा अधिकतम ६ महिनाको लागि मात्र हुनेछ ।

(ख) ऋणको व्याजदर सम्बन्धित वाणिज्य बैंक आफैले निर्धारण गर्नुपर्नेछ ।

(ग) यो सुविधा अन्तर्गत लिएका ऋणको हिसाव किताव विदेशी मुद्रामानै राख्नुपर्नेछ ।

(घ) ऋणको सांवा/व्याज चुक्ता गर्दा प्रचलित विनिमय दर अनुसार नेपाली रुपैयांमा भुक्तानी गर्नुपर्नेछ ।

## ५ .निर्यातकर्ताहरुलाई विदेशी विनिमयमा ऋण उपलव्ध गराउने बारे ।

निम्न व्यबस्थाहरु अन्तर्गत निर्यातकर्ताहरुलाई प्रि-शिपमेन्ट तथा पोष्टशिपमेन्ट कर्जा स्वरुप परिवर्त्य विदेशी मुद्रामा ऋण उपलब्ध गराउन सकिनेछ ।

१. परिवर्तित विदेशी मुद्रा आर्जन हुने गरी निर्यात कारोवार गर्ने निर्यातकर्ताहरुबाट अमेरिकी डलरमा प्रि-शिपमेन्ट तथा पोष्टशिपमेन्ट कर्जा माग गरेमा प्रचलित व्यवस्था अन्तर्गत रही त्यस्तो कर्जा उपलब्ध गराउनु पर्नेछ र त्यस्तो कर्जामा लाग्ने व्याजदर समय समयमा नेपाल राष्ट्र बैंकले तोके बमोजिम हुनेछ र सोको सांवा/व्याज परिवर्त्य विदेशी मुद्रामा नै असुल उपर गर्नु पर्नेछ ।

२. त्यस्तो कर्जा प्रदान गरेवापत सम्बन्धित वाणिज्य बैंकहरुले माग गरेमा नेपाल राष्ट्र बैंकले समय समयमा तोकेको व्याजदरमा अमेरिकी डलरमा नै यस बैंकले पुनरकर्जा उपलब्ध गराउने छ ।

३. वाणिज्य बैंकहरुले यसरी पुनरकर्जा माग गर्दा तोकिए बमोजिमको ढांचा अनुसारको फर्म अनिवार्य रुपले भर्नुपर्नेछ ।

४. यस्तो पुनरकर्जा यु.एस.डलर १,००,००० (एकलाख) को मल्टिपलमा मात्र उपलव्ध गराइनेछ ।

५. यस्तो पुनरकर्जाको सांवा व्याज अमेरिकी डलरमा नै तोकिएको अवधिभित्रै भुक्तानी गर्नुपर्नेछ ।

६. परिवर्त्य विदेशी मुद्रामा प्रि-शिपमेन्ट कर्जा लिएको ग्राहकले कुनै कारणवश सामान निर्यात गर्न नसकेको कारण उपरोक्त कर्जा विदेशी मुद्रामा नै चुक्ता गर्न नसकेको खण्डमा नेपाली रुपैंयांमा नै आवश्यक हिसाव मिलान गर्न सकिनेछ । तर त्यसरी हिसाव मिलान गर्दा हिसाव मिलान हुने दिनको विनिमय दर लागू गर्नुपर्नेछ र साथै व्याजदरको हकमा नेपाली रुपैंयांको कर्जामा लिने अधिकतम व्याज दर कर्जा लिएको मिति देखिनै लिन सकिनेछ ।

७. यस्तैगरी पोष्टशिपमेन्ट कर्जाको हकमा पनि Opening bank ले डिस्क्रीपेन्सी देखाई निर्यात भुक्तानी पूर्णरुपमा प्राप्त हुन नसकेको खण्डमा भुक्तानी ल्याउन नसकेको रकमको हकमा माथि दफा-६ मा उल्लेख गरिए अनुसार गर्नुपर्नेछ । साथै यस्तो विदेशी मुद्रा प्राप्त नभएसम्म वा नेपाल राष्ट्र बैंकले यस वारे स्वीकृति नदिएसम्म यसरी हिसाव मिलान गरिएका केशहरुको अभिलेख अनिवार्यरुपले कलेक्शनमा पठाइएका डकुमेन्ट सम्वन्धी उपयुक्त लेखा शीर्षकअन्तर्गत राख्नुपर्नेछ ।

८. कारणवश निर्यात हुन नसकी निर्यात कर्जा लिने निर्यातकर्ताले उक्त कर्जा परिवर्त्य विदेशी मुद्रामा भुक्तानी गर्न नसक्ने स्थिति आइपरेमा त्यस्ता निर्यातकर्ताको विदेशी मुद्रा खाता रहेको भए त्यस्तो विदेशी मुद्रा खातामा रहेको मौज्दातबाट हिसाव मिलान गर्न सकिनेछ । तर यसको लागि निर्यात नभएको व्यहोरा सम्बन्धित वाणिज्य बैंकले यकिन गर्नुपर्नेछ ।

९. अमेरिकी डलरमा पोष्टशिपमेन्ट कर्जा दिंदा निर्यात डकुमेन्ट निगोसियट गर्दाकै अवस्थामा निर्यातकर्ताको अमेरिकी डलर खातामा जम्मा गर्न मिल्नेछ । तर कथंकदाचित् निगोसियट गरिएका उपरोक्त डकुमेन्टहरुको पूर्ण भुक्तानी प्राप्त नभएको अवस्थामा यसलाई प्रचलित व्यवस्था अनुसार नेपाल राष्ट्र बैंकलाई अनिवार्य रुपल जानकारी दिनुपर्नेछ ।

१०. प्रि-शिपमेन्ट कर्जा दिंदा निर्यातकर्ताको नाउंमा प्रतीत-पत्र प्राप्त भइ सकेको हुनुपर्नेछ ।

११. प्रि-शिपमेन्ट कर्जा सुविधा अन्तर्गत लिएको ऋण निर्यात डकुमेन्ट निगोसियट गरेकै अवस्थामा चुक्ता गर्न लगाउने वा सोको भुक्तानी प्राप्त भएपछि मात्र चुक्ता गर्न लगाउने भन्ने वारे सम्बन्धित वाणिज्य बैंकहरु आफैले व्यवस्था गर्न सक्नेछन् ।

१२. प्रि-शिपमेन्ट तथा पोष्टशिपमेन्ट कर्जा सुविधा अन्तरगत प्रचलित व्यवस्था अनुसार सम्बन्धित वाणिज्य बैंकले यस बैंकबाट लिएको पुनरकर्जा अनिवार्य रुपले विदेशी मुद्रामा नै (सांवा तथा व्याज दुवै) चुक्ता गर्नुपर्नेछ ।

१३. प्रि-शिपमेन्ट तथा पोष्टशिपमेन्ट कर्जा स्वरुप विदेशी मुद्रामा नै ऋण उपलव्ध हुने व्यवस्था Deemed Export को हकमा पनि लागू हुनेछ ।

माथि उल्लेख गरिएका कारोवारहरुको हकमा बाहेक नेपाल भित्र परिवर्त्य बिदेशी मुद्रामा गरिने अन्य कारोवारहरुको हकमा नेपाल राष्ट्र बैंकको स्वीकृति लिनु पर्नेछ ।

## *नेपाल बाहिरबाट बिदेशी विनिमयमा लिने । दिने ऋण सम्बन्धी व्यबस्था*

(क) प्रचलित कानूनले छुट पाएका बाहेक अन्य नेपाली निकायहरुले नेपालबाहिर परिवर्त्य तथा अपरिवर्त्य विदेशी मुद्रामा ऋण लिनु । दिनु परेमा नेपाल राष्ट्र बैंकको स्वीकृति लिनु अनिवार्य हुनेछ ।यसरी स्वीकृतिको लागि नेपाल राष्ट्र बैंकमा आवेदन दिंदा निम्न व्यहोराहरु खुलाउनु पर्नेछ

१. निवेदकको नाम, ठेगाना
२. निवेदक फर्म । कंपनीले गर्ने कामको स्वरुप

३. ऋण लिनु पर्नाको कारण
४. ऋण उपयोग गर्ने क्षेत्र
५. विदेशबाटै ऋण लिनु पर्नाको कारण
६. ऋणको सावां व्याज चुक्ता गर्ने आधार (Strategy)
७. विनिमय जोखिमको संभावना र त्यसलाई व्यवस्थित गर्ने आधार

यसरी प्राप्त हुन आउने निवेदनहरु उपर नेपाल राष्ट्र बैंकले आवश्यक अध्ययन गरी स्वीकृति दिन उपयुक्त देखिएमा स्वीकृति दिनेछ र यसरी स्वीकृति दिंदा बैंकले आवश्यक देखिएका सर्तहरु तोक्न सक्नेछ । त्यसरी तोकिएका सर्तहरु पालना गर्नु निवेदक फर्म । कंपनीहरुको कर्तव्य हुनेछ ।

(ख) अपरिवर्त्य बिदेशी मुद्रामा नेपालभित्र कसैले पनि ऋण लिन । दिन पाइनेछैन ।